स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



दक्षिण भारतीय अभिनेता प्रभास अभिनीत फिल्म 'कल्की २८९८ एडी' प्रदर्शनको तयारीमा छ । यो फिल्म २७ जुनदेखि प्रदर्शन हुन लागेको हो। फिल्मले अग्रिम टिकट बुकिङमा रेकर्ड राखेको छ। यसले सर्वाधिक टिकट बिक्री गरेर नयाँ रेकर्ड राखेको हो । उत्तर अमेरिकामा फिल्मको प्रिमियर शोका लागि १ लाख टिकट बिक्री भएको छ । नाग अश्विनले निर्देशन गरेको फिल्ममा प्रभास, अमिताभ बच्चन, दीपिका पादुकोण र कमल हासनको मुख्य भूमिका छ ।

**आजको विचार...**



शिक्षकको...
*(दुई पेजमा)*

**रमेशप्रसाद गौतम**



आगामी श्रावण १८ गतेदेखि सार्वजनिक प्रदर्शनमा आउने फिल्म हो 'मोदीबेनी' । निर्माण युनिटले फिल्मको अफिसियल पोस्टर सार्वजनिक गर्दै प्रचार थालेको छ । पोस्टरमा अभिनेत्री वर्षा सिवाकोटीलाई केन्द्रमा राखिएको छ । पोस्टरमा अभिनेता अमर प्रताप श्रेष्ठ र अभिनेता प्रवीण खतिवडा पनि अटाएका छन् । पोस्टरबाट त्रिकोणात्मक कथा फिल्ममा रहेको अनुमान लगाउन सकिन्छ । पोस्टरमा अभिनेत्री रेजिना उप्रेती साधारण गाउँले महिला र अभिनेता दिलीप केसी गाउँकै सम्भ्रान्त व्यक्तिको रुपमा देखिएका छन् । पर्वत जिल्लाको 'मोदीबेनी' क्षेत्रमा घटेको अविश्वसनीय घटनामा आधारित रहेर बनेको फिल्म शंकर कोइरालाले निर्देशन गरेका हुन् ।

❐ वर्ष २९ ❐ अंक ३२८ ❐ २०८१ असार १३ गते बिहिबार 27 June 2024, Thursday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### गर्मीका कारण २५ जनाको मृत्यु



(रासस/सिन्ह्वा)

**इस्लामावाद,** असार १२/पाकिस्तानको दक्षिणी बन्दरगाह सहर कराँचीमा विगत तीन दिनदेखि अत्यधिक रूपमा तापक्रम बृद्धिका कारण कम्तीमा २५ जनाको मृत्यु भएको र हजारौँलाई अस्पतालमा भर्ना गरिएको उद्धार टोली र स्थानीय सञ्चारमाध्यमले जनाएका छन् । उच्च तापक्रमका कारण धेरै बिरामीहरूमा पानीको मात्रा कम भएको र प्राथमिक उपचारपछि डिस्चार्ज गरिएको चिकित्सकहरूले बताएका छन् । यद्यपि, मुटुको रोग र क्यान्सर जस्ता दीर्घरोग भएका केही व्यक्तिलाई थप उपचारका लागि अस्पतालमा राखिएको स्थानीय सञ्चार माध्यमले जनाएको छ ।

पाकिस्तानको मौसम विज्ञान विभागका अनुसार मुख्यतया सहरमा समुद्री हावाको अवरोधका कारण विगत तीन दिनदेखि अधिकतम तापक्रम ४० डिग्री सेल्सियस नाघेको बताएको छ । मौसम विभागले बुधबार साँझ कराँचीमा समुद्री हावा फेरि सुरु हुने जसले गर्दा तापक्रममा क्रमिक गिरावट आउन सक्ने पूर्वानुमान गरेको छ ।

## रक्सीको लतबाट छुटेका कुमालको अनुभव

# भन्छन्–'रक्सीले परिवार र समाजबाटै अपहेलित भइँदो रहेछ'

### रक्सीले सम्पति सकेका उनले अहिले बंगुरपालनबाट वार्षिक १६ लाख आम्दानी गर्नुको साथै दुव्यर्सनीमा फसेकाहरुलाई परामर्श दिन्छन्

**रामचन्द्र रायमाझी**

**पाल्पा,** असार १२/ जिल्लाको बगनासकाली गाउँपालिका घोरबन्दका प्रेमबहादुर कुमाल (प्रेम ठेकदार) लामो समय रक्सीको लतमा फसे । घरमा आमा बुवाले रक्सी खाने गरेका कारण खाना सिकेका उनी छोड्नै नसक्ने गरी लतमा फसेका थिए । अन्ततः उनले रक्सीका कारण स्वास्थ्य समस्या र परिवार, समाजबाटै अपहेलित जीवन बिताउनुपर्ने स्थितिमा पुगेपछि लत नै छोडे । अहिले उनले परिवार, समाजबाट माया मात्र पाएका छैनन्, दुव्यर्सनीमा फसेकाहरुलाई परामर्श समेत दिँदै आएका छन् ।

रक्सीको लतबाट छुटेका कुमालले बुधबार लागुऔषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवसका अवसरमा जिल्ला सुरक्षा समिति र जिल्ला प्रहरी कार्यालय पाल्पाले संयुक्त रुपमा आयोजना गरेको र्‍याली तथा प्रभात भेरी कार्यक्रमको समापनमा आफ्ना अनुभव सुनाउँदै लामो समयपछि रक्सीको लतबाट छुट्कारा पाएको बताए । उनले आमा



बुबाबाटै रक्सी खाना सिकेको उल्लेख गरे ।

कुमालले भने' आमा बुवालाई रक्सी लिन जाँदा जाँदै मैले पनि खाना सिकें, गर्दा गर्दै म लामो समय नै रक्सीको लतमा फसे, रक्सी खाँदा श्रीमति, छोराछोरी र समाजबाट अपहेलित र उपेक्षित भएँ । त्यति मात्र होइन मलाई टिभी रोग पनि देखियो । रोग देखिदा पनि मैले रक्सी खाना छाडिन् । तर मेरो स्वास्थ्य अवस्था अत्यन्त नाजुक हुँदै गयो ।

मैलै सोचें अब म बाँच्नु छ र छोराछोरीहरुका लागि के गर्नु छ भने रक्सी खाना छोड्नुपर्छ । मेरा कारण छोराछोरी र श्रीमतिले दुख पाउने भए भनेर भित्रैदेखि आत्मबल बढाएर खाना छोड्दिएको हुँ ।' उनले भित्रैदेखि आत्मबल बढाएमा रक्सी छोड्न सकिने बताए । कुमालले रक्सी भनेको विनासकारी रोग भएको उल्लेख गरे । उनले भने 'रक्सी खानेहरुमा आफु बाहेक अरु कसैको चासो हुँदैन । छोराछोरीहरुलाई किताब, कापी किन्न, श्रीमतिलाई लुङ्गी किन्न समेत पैसा हुँदैन तर आफुलाई रक्सी खाना जसरी पनि पैसा हुन्छ ।' रक्सीले स्वास्थ्यमा मात्रै असर गर्दैन सम्पति र भएको इज्जत समेत सकिने कुमालले बताए ।

उनले अहिले विद्यार्थीहरु लागुपदार्थको लतमा फसेकाले त्यसतर्फ नलाग्न आग्रह गरे । २४ सैं घण्टा रक्सी खाएर सम्पति सकेको र सन्तानबाट अपहेलित भएका कुमालले अहिले रक्सी खाना छोडेर घोरबन्दामा हिमचुली बंगुर फर्म खोलेर बार्षिक १६ लाख आम्दानी गर्दै आएका छन् । उनले त्यही आम्दानीबाट अहिले छोराछोरीलाई राम्रैसँग पढाएको बताए । कुमालले भने 'मैले रक्सी खाँदा छोराछोरीले कापी किताब, श्रमितिले लुङ्गी किनिदिनुन भन्दा म सँग पैसा छैन् भन्दै हकारें, तर मलाई रक्सी खाना जहाँबाट पनि पुग्यो ।' अहिले ति दिन सम्झदा नराम्रो लाग्ने गरेको उनले अनुभव सुनाए । कुमालले अहिले रक्सी छोडेर व्यवसायिक बंगुर पालन मात्र गर्दैनन् नयाँ सुरुवात नेपाल भन्ने संस्थामा आवद्ध भएर कुलतमा फसेकाहरुलाई परामर्श दिने काम समेत गर्दै आएका छन् ।

उनले सुरु सुरुमा रक्सी छोड्दा आफुलाई निकै गाह्रो भए पनि पछि सहज हुँदै गएकाले कुलतमा फसेकाहरुलाई छोड्न आग्रह समेत गरे । कुमालले लागुपदार्थले कसैलाई पनि राम्रो नहुने भएकाले अहिलेदेखि नै त्यसबाट टाढा रहन विद्यार्थीहरुलाई अनुरोध पनि गरे । समापन कार्यक्रमलाई सम्बोधन गर्दै तानसेन नगरपालिकाका नगरप्रमुख सन्तोषलाल श्रेष्ठले बढ्दो लागुऔषध दुरुपयोग ओसारपसारलाई रोकथाम र नियन्त्रणमा जनचेतना फैलाई स्वस्थ्य जीवन जीउने वातावरण सिर्जनाका लागि हरेक वर्षको जुन २६ मा संयुक्त राष्ट्र संघको आह्वानमा यो दिवस मनाउने गरिएको बताए ।

उनले विश्वव्यापी रूपमा फैलिएको लागुऔषधको अवैध कारोबार तथा सेवनका कारण पर्ने व्यक्तिगत, पारिवारिक र सामाजिक असरबाट नेपाल पनि प्रभावित भएको भन्दै त्यसलाई रोक्न सबै पक्ष लाग्नुपर्नेमा जोड दिए ।

*-बाकिँ अन्तिम पेजमा...*

## लुम्बिनी प्रदेशको बजेट बहुमतले पारित

**दाङ,** असार १२/लुम्बिनी प्रदेशको आर्थिक वर्ष ०८१/८२ को बजेट बहुमतले पारित भएको छ । प्रदेशसभाको बुधबारको बैठकले आगामी आर्थिक वर्षको बजेट पारित गरेको हो ।

आर्थिक मामिला तथा योजनामन्त्री चेतनारायण आचार्यले असार १ गते बजेट प्रस्तुत गरेका थिए । मन्त्री आचार्यले प्रदेश सरकारको अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गरेका थिए । उक्त प्रस्ताव ध्वनिमतले पारित भएको सभामुख तुलाराम घर्तीले घोषणा गरेका हुन् ।

बजेटको पक्षमा एमाले, माओवादी, नागरिक उन्मुक्ति, जसपा र नेकपा एकीकृत समाजवादीले ध्वनी मत दिएका थिए । कांग्रेसले विपक्षमा र जनमत, राप्रपा, लोसपा तटस्थ बसेपछि बजेट बहुमतले पारित भएको हो । बजेटमाथि आइतबारदेखि निरन्तर छलफल भएको थियो । मंगलबार र बुधबार प्रदेशसभाको सेवा र कार्यका लागि प्रदेश संचित कोषबाट केही रकम विनियोजन र खर्च गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकमाथि मन्त्रालयगत छलफल भएको थियो । प्रदेश सरकारले आर्थिक वर्ष २०८१/८२ का लागि ३८ अर्ब ९७ करोडको बजेट पेस गरेका थिए । आगामी वर्ष आन्तरिक राजस्वमार्फत सात अर्ब ५१ करोड र संघबाट १२ अर्ब एक करोड र संघबाट सलामी दस्तुरबापत ५० करोड र स्थानीय तहबाट दुई अर्ब ९२ करोड प्राप्त हुने अनुमान छ ।

## सन्तोष चलचित्र मन्दिरमा...



आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट चलचित्र '**कल्की २८९८ एडी**' । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

*कल्की : पहिलो शो : ११:३० बजे*
*दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*
*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

*टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९*

## रोपाइँमा रमाउँदै विद्यार्थी, सिक्दै रोप्न

**कृष्ण पोखरेल**

**पाल्पा,** असार १२/बुधबार तानसेनको प्रभास फाँटमा परिचयपत्र लगाएर विद्यार्थीदेखी पाका पुस्ताका महिला,पुरुषहरु खेतमा धान रोप्दै थिए । पहिलो पटक खेतमा पुगेका सेन्ट कपितानियो स्कुल तानसेन पाल्पाका विद्यार्थीहरुलाई भने धान रोपाइँ अनौठो लाग्यो ।

विद्यालयकी शिक्षिका अप्सरा न्यौपाने, सकुन्तला बोहोरा, सिष्टर रेजिना, शिक्षकहरु तुल्सीराम पोखरेल, दिपक बस्यालसँगै विद्यार्थी अदिती बस्याल, अमृता रावल, प्रसुन पोखरेल, रदीप बज्राचार्य, समिप गोदार, सिमसन घर्ती अनिस श्रेष्ठसँगै कक्षा ६ र ७ का विद्यार्थीहरु धान रोप्न तानसेनको प्रभास फाँटको हिलो खेतमा पसेर रमाइलो गरे । शिक्षिकासँगै विद्यार्थीहरुले हिलोमा छुपुमा छुपु धान रोपे ।



शिक्षकहरुसँगै विद्यार्थीहरुले धान रोप्नको लागि खेतका गह्राहरु मिलाउने, आली लगाउने, खेतका गह्रा सम्माउने, धानको विउ एक स्थानबाट अर्को स्थानमा ओसार पसारको काममा सघाए । हामीले फेसवुक, युटुव, टेलिभिजनमा मात्र धान रोपाइँ गरेको देखेका थियौ तर आज विद्यालयले हामीहरुलाई किसानको खेतमै सहभागी गराएर आफै धान रोप्दा निकै मजा आएको विद्यार्थी अदिती बस्यालले बताईन् ।किताबमा असारमा धान रोप्ने भनेर त पढियो तर कसरी धान रोपिन्छ, कसरी विउ राखिन्छ, खेतका गह्राहरुमा हिलो कसरी मिलाईन्छ भनेर जानेका थिएनौं आज फाँटमै गएर सर /मिसहरु साथी संगीहरुसँगै मिलेर धान रोपेको अर्की विद्यार्थी अमृता रावलको भनाई छ । नेपाल कृषि प्रधान देश हो, हिमाल, पहाड तराई जतातते नेपालमा धान खेती गरिन्छ । विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरुलाई नेपाली खेती प्रणाली, खेती गर्ने तरीका बारे सिकाउन, देखाउन र व्यवहारमै महशुस गराउन धान रोपाइँ सहभागी गराएको विद्यालयकी प्रिन्सिपल सिष्टर एनिस जोसेफले बताईन् । हामी विद्यार्थीलाई नेपाली मौलिक भेषभुषा, भाषा, परम्परागत शैली, संस्कृति र देशको कृषि प्रणाली सिपसँग जोड्ने अभ्यासमा निरन्तर लागि परेको विद्यालयकी प्रिन्सिपल जोसेफले बताईन् ।

**बाकिँ अन्तिम पेजमा...**

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## प्राकृतिक प्रकोपको चिन्ता

**बर्खाको मौसम सुरु भएको छ । मनसुन आगमनका संकेत आउन लागेका छन् । योसँगै बाढीपहिरोको चिन्ता सुरु भएको छ । मनसुन सुरु हुँदा चिन्ता होइन खुसियालीको प्रारम्भ हुनुपर्ने हो तर विडम्वना हाम्रोमा विभिन्न कारणले खुसियाली पनि चिन्तामा परिणत हुनेगर्छ । बाली सप्रिनका लागि नभई नहुने मनसुन भित्रिँदा पनि हामी चिन्तित बन्नुपर्ने बाध्यता छ ।**

**पानी पर्नु खेती–किसानी गर्नेहरूका लागि उत्साह र हर्षको कुरा भए पनि अध्याधिक पानी पर्दा हुने प्राकृतिक विपत्तिले भने चिन्ता उत्पन्न गराउने गरेको छ । विशेष गरी मनसुनका कारण पहाडमा बाढी र पहिरोको चिन्ता बढ्दो अवस्थामा रहेको छ भने तराईमा बाढीका कारण डुबानमा पर्ने चिन्ताले जनताको निद्रा हराउन थालेको छ । यस वर्ष मुलुकभर औसतभन्दा बढी वर्षा हुने पूर्वजानकारी सार्वजनिक भएपछि जनतामा थप त्रास र भय फैलँदो अवस्थामा रहेको छ । हरेक वर्ष बाढी पहिरोका कारण ठूलो जनधनको क्षति हुने गरेको छ । जसका कारण मनसुन सुरु हुन साथ आमनागरिकमा खुसीसँगै चिन्ता समेत बढ्ने गरेको छ ।**

**विकासका नाममा जथाभावी जमिन भत्काउने कार्याले भू–क्षय निम्त्याउने गर्दछ । जसले गर्दा मानव समुदायले ठूलो क्षति बेहोर्नु परेको छ । प्रकृतिजन्य प्रकोपबाट हुन सक्ने क्षति रोक्न पूर्वतयारी गर्नु नै अहिलेको आवश्यकता हो । तर सरकारी तवरबाट यसको कुनै पनि तयारी भएको देखिदैन । प्रकृतिजन्य प्रकोप नियन्त्रणका लागि तयारी अवस्थामा रहनुपर्ने गृह मन्त्रालय नै अहिले कामभन्दा कुरा बढी गर्ने र पूर्वतयारीमा सिन्को नभाँच्ने देखिएको छ । गृहमन्त्री रवि लामिछानेलाई प्रकृतिजन्य प्रकोप नियन्त्रणभन्दा पनि प्रहरीको सरुवा–बढुवामा चाख बढ्दो अवस्थामा रहनु अनि शान्ति सुरक्षा कायम राख्न नसक्नुले मन्त्रीको पदीय हैसियतमाथि प्रश्न उठेको छ । सरकारले मनसुनजन्य प्रकोपबाट बच्नका लागि गाउँ–गाउँमा पुऱ्याउनुपर्ने सचेतना पुऱ्याएको देखिँदैन । प्रकृतिजन्य प्रकोपबाट आमनागरिकलाई बचाउन सरकार गम्भीर हुनुपर्ने र जनता सचेत हुनुपर्ने जरुरी छ ।**

### Opinion @ Social Network

जति नै किताब पढे पनि,
पिडा लुकाएर हाँस्न अनि मन मारेर बाच्न जिन्दगीले नै सिकाउँदो रहेछ।

*(बिपना खत्रीको फेसबुक स्टाटसबाट https://www.facebook.com/bipana.khatri)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शिक्षकको उच्च सम्मान



## रमेशप्रसाद गौतम

देशको विकासको मूल आधार शिक्षा नै हो । यसर्थ अहिले हाम्रो शिक्षा सुधार्ने, शिक्षाको स्तर उकास्ने विषयमा विद्यालयमा कार्यरत शिक्षक, स्थानीय सरकार, प्रदेश सरकार, संघीय सरकार पनि लागिपरेको देखिन्छ । शिक्षामा नीतिगत सुधार गर्नका साथै संघीयता अनुरूपको ऐन बनाउनुपर्ने बाध्यतालाई ख्याल गरी शिक्षा विधयेक २०८० संसद्मा सचिवालयमा दर्ता भई शिक्षा समितिमा छलफल चलिरहेको छ । यसमा सांसद र सरोकारवाला छलफल गरिरहेका छन । शिक्षा विधेयकसम्बन्धी आएका संशोधन र सुझावलाई शिक्षा समिति र संसद्लाई निचोडमा पुग्न सहज हुनेछ । लामो समयको प्रतीक्षापछि सरकारले संसद्मा विद्यालयसम्बन्धी विधेयक प्रस्तुत गऱ्यो, विरोधमा शिक्षकहरू उत्रिए ।

शिक्षकले आफ्ना पेशागत माग राखे । जसमा शिक्षकको नियुक्तिदेखि सरुवा, बढुवा, सम्मान र निवृत्तिभरणसम्बन्धी व्यवस्था गरिएको थियो । सरकारले पनि शिक्षकहरू संगठित रूपमा संघर्षमा उत्रिएपछि सरकारले आन्दोलनरत शिक्षकका मागलाई सम्बोधन गर्दै तदनुरूपको विधेयक सुधार गरी प्रस्तुत गर्ने सहमति गऱ्यो । संविधानले विद्यालयतहको शिक्षालाई स्थानीय तहअन्तर्गत राखेको छ । शिक्षक जनप्रतिनिधि मातहत नरहने जस्ता विषय मागमा परेका छन् । यस्ता अन्तरविरोधका प्रावधानले संघीयताको उद्देश्य र मर्मलाई अंगीकार नगरेको आभास हुन्छ । विद्यालय व्यवस्थापन र सञ्चालनको दायित्व स्थानीय तहलाई छाड्न नसकिने हो भने शिक्षा विधेयक प्रस्तुत गर्नुपूर्व नै नेपालको संविधान २०७२ को शिक्षासम्बन्धी केही धारा संशोधन गर्न जरुरी देखिन्छ ।

*शिक्षकले आफ्ना पेशागत माग राखे । जसमा शिक्षकको नियुक्तिदेखि सरुवा, बढुवा, सम्मान र निवृत्तिभरणसम्बन्धी व्यवस्था गरि एको थियो । सरकारले पनि शिक्षकहरू संगठित रूपमा संघर्षमा उत्रिएपछि सरकारले आन्दोलनरत शिक्षकका मागलाई सम्बोधन गर्दै तदनुरूपको विधेयक सुधार गरी प्रस्तुत गर्ने सहमति गऱ्यो । संविधानले विद्यालयतहको शिक्षालाई स्थानीय तहअन्तर्गत राखेको छ । शिक्षक जनप्रतिनिधि मातहत नरहने जस्ता विषय मागमा परेका छन् । यस्ता अन्तरविरोधका प्रावधानले संघीयताको उद्देश्य र मर्मलाई अंगीकार नगरेको आभास हुन्छ । विद्यालय व्यवस्थापन र सञ्चालनको दायित्व स्थानीय तहलाई छाड्न नसकिने हो भने शिक्षा विधेयक प्रस्तुत गर्नुपूर्व नै नेपालको संविधान २०७२ को शिक्षासम्बन्धी केही धारा संशोधन गर्न जरुरी देखिन्छ ।*

प्रस्तुत विधेयकमा विद्यालय शिक्षकलाई विशुद्ध सरकारी कर्मचारी सरह राख्न खोजे झैँ देखिन्छ । शिक्षण सेवा विशुद्ध सेवाभावले गरिने पेशा भएकाले कर्मचारीसरह ठान्नु युक्तिसंगत देखिँदैन । हुन त शिक्षकलाई कहीँबाट निषेध र नियन्त्रण गराउनुभन्दा शिक्षक स्वयंले संयमित र उत्तरदायी बन्नुपर्दछ ।शिक्षकले राजनीतिकदलका पछि लाग्नु हुँदैन । शिक्षकले आफ्नो दायित्व बिर्सेर कुनै पार्टीको आकलन गर्दै हिँड्नु, समर्थन र विरोध गर्नु विद्यार्थीमा पनि त्यही अनुरूपको प्रचार गर्नु र उनीहरूलाई पनि त्यस्तै सिकाउनु शिक्षण पेशाको नै अपमान हो । सार्वजनिक विद्यालयका शिक्षकहरू प्राय:जसो कुनै न कुनै राजनीतिक दलसित आबद्ध भएका सुन्न आउँछन् । अहिले शिक्षकहरूले ट्रेड युनियनको अधिकार पाएका छन् । यसअनुसार पेशागत संघ संगठनले आफ्नो हित प्रबद्धनका लागि माग राख्न, प्रदर्शन गर्न र हड्तालसमेत गर्ने गरेका छन् । प्रस्तुत विधेयकमा बाल बालिकाको पढ्ने अधिकारमा बाधा पुऱ्याउने हुँदा हड्ताल र बन्दलगायत गतिविधि गर्न नपाइने कुराको प्रावधान राख्न खोजिएको । तर, ट्रेड युनियनलाई कुनै दल विशेषसँग आबद्ध गरिन नहुने कुरा कानुनसम्बद्ध नै उल्लेख भएर पनि पार्टीसँग शिक्षक युनियनहरू आबद्ध हुने गरेका छन् । हुन त प्रस्तुत शिक्षा विधेयकको औचित्य र आवश्यकता एकातर्फ छ भने अर्कातर्फ खाँचो राष्ट्रिय शिक्षा नीतिको छ । शिक्षा नीतिबारे समय समयमा विभिन्न क्षेत्रबाट आएका प्रसस्त गुनासा छन् । सरकारले शिक्षानीति निर्माणका लागि एउटा आयोग गठन गर्दछ । आयोगको सुझाब कार्यान्वयन नगर्दै अर्को आयोग गठन गर्न पुग्छ ।

यो क्रम सरकार बदलिदो क्रममा आयोग यसैगरी एकपछि अर्को गठन गर्दै आएका छन् । विगतका अधिकांश शिक्षा नीतिको निर्माण राष्ट्र र समग्र देशको आवश्यकताभन्दा कुनै वर्ग, समूह र दलको आवश्यक पूर्तिको हेतु निर्माण गरिँदै आएको छ । २०२८ सालको राष्ट्रिय शिक्षा योजनाको पद्धतिदेखि अहिलेसम्मका शिक्षाका नीति र कार्यक्रम समग्र राष्ट्रहितभन्दा समूह र दलको चाहनामा सीमित देखिन्छ । त्यसमा पनि नीति निर्माणजस्तो संवेदनशील विषयमा सर्वदलीय सहमतिका आधारमा कुनै सरकारले शिक्षा नीति निर्माणमा कार्य गरेको देखिँदैन । यसरी अहिलेसम्म बनाइएका शिक्षा नीति र कार्यक्रम कार्यान्वयनमा असफल सावित हुँदै आएको छ । सरकारले शिक्षाको राष्ट्रिय नीति निर्माणजस्तो कार्यमा शिक्षाका सरोकारवाला समुदाय, शिक्षाविद्, राजनीतिक दलहरू र सर्वदलीय बैठक आदिका माध्यमबाट प्राप्त सुझाबसमेत समावेश गरी नीति निर्माण गरिनु वाञ्छनीय हुन्छ । शिक्षा नीति र शिक्षा नियम फेरबदमा पनि प्रमुख सरोकारवाला भन्दा राजनीतिक दलको प्रभावमा बनाइन्छ ।

साच्चिकै पहुँच पुग्नुपर्ने सरोकारवाला पक्ष ओझेलमा पर्न गएका छन् । अनि तिनको आवाज शिक्षा नीति निर्माणमा मुखरित हुन सक्दैन । आजसम्मको अनुभवमा शिक्षा नीति निर्माणमा प्रभावित पार्ने तत्व भनेका राजनीतिक दल र सरकारको केन्द्रीय तहको कर्मचारीतन्त्र नै हो । राजनीतिक नेताहरू चुनाव जितेर आएपछि चुनाव केन्द्रमै बस्न रुचाउने विकेन्द्रित क्रियाकलापभन्दा केन्द्रीकृत कार्यलाई नै प्रोत्साहन दिने देखिन्छ । शिक्षा नीति निर्माण हुँदा आफ्नो गाउँ र क्षेत्रलाई समेत बिर्सने गरेका छन् । विद्यालय निरीक्षण र व्यवस्थापनप्रति खासै ठूला नेताको चासो देखिँदैन । केवल आफ्नो क्षेत्रमा वर्चश्व कायम गर्न भने अनेक टिकडम गर्न पछि पर्दैनन् । विद्यालय शिक्षा स्थानीय सरकार र स्थानीय समुदायको पहलमा अगाडि बढ्ने हो संघीय व्यवस्थानुकूल शिक्षालाई पूर्णरूपले विकेन्द्रित शैक्षिक व्यवस्थापनको धारणाअनुरूप सञ्चालन हुनुपर्दछ । यहाँनिर एउटा जटिल प्रश्न खडा हुन्छ २०२८ सालमा राष्ट्रिय शिक्षा योजनाको पद्धतिले विद्यालय व्यवस्थापनको अपहरण गरी राष्ट्रियकरण गऱ्यो ।

यसरी राष्ट्रियकरण नगरेको भए सार्वजनिक विद्यालय सबै समुदायअन्तर्गत रहन्थ्यो । यस्ता कुरामा समयमै सचेत रही भावी शिक्षा नीति निर्माणमा पाठ सिकौं । शैक्षिक नीतिमा आवश्यक दृष्टिकोणको अभावले गर्दा अहिलेसम्म शिक्षाका नीति र कार्यक्रम पूर्णरूपले सफल हुन सकेनन् । दूरदृष्टिले नीति, लक्ष्य र उद्देश्यलाई डोहोऱ्याएको आधारमा शैक्षिक नीतिलाई शिक्षाका विभिन्न क्षेत्रमा छुट्टाउँदै दीर्घकालीन योजना निर्माण गरी कार्यान्वयनतर्फ लाग्नुपर्ने थियो त्यो अझै हुन सकेन । हामी शिक्षामा जतिसुकै नीति र कार्यक्रमको कुरा गरे तापनि राजनीतिक संक्रमणले झन्झन् अधोगतितर्फ लग्दैछ ।

लोकतन्त्रपश्चात् शिक्षक र कर्मचारीलाई आफ्नो दलको अनुचर बनाउने होडमा राजनीतिक दलहरू लागे । कतिपय राजनीतिक दलले आफू निकट व्यक्तिलाई शिक्षक र प्रध्यापकमा छिराउने र पछि तिनैलाई स्थायी हुने माग राख्दै आन्दोलन गरेकोमा समर्थन जनाई आखिरमा स्थायी गराइ छाडने कार्य थुप्रै भए । शैक्षिक क्षेत्रमा शिक्षण कार्य गर्ने व्यक्ति सक्षम, योग्य र इमानदार हुनु जरुरी छ । यस्ता व्यक्ति छनोटका लागि योग्यता परीक्षण सबभन्दा महत्वपूर्ण कुरा हुन्छ । योग्य शिक्षकले प्राचीन अर्वाचीन मध्यकालीन, आधुनिक युगमा त्यत्तिकै सम्मान, इज्जत हुँदै आएको छ । योग्य शिक्षकको क्षमताले व्यक्ति र राष्ट्रको भविष्य निर्माण हुने भएकाले महाभारतकालमा द्रोणाचार्यका शिष्य अर्जुन, परशुरामका शिष्य भीष्म थिए । यस्तो प्राचीनकालका विश्वविख्यात गुरुहरूको छाप आजका शिक्षकमा पर्नुपर्ने हो । चाणक्यको शिक्षाले चन्द्रगुप्त मौर्यले साम्राज्य निर्माण गरी अरिस्टोटलको शिक्षाले अलेक्जेन्डर महान् ठूलो मानिस भए । गुरुको शिक्षाविना ज्ञानको सम्भावना हुँदैन । अहिले हाम्रो गुरुप्रतिको आदर्श गुरु ब्रफमा गुरु विष्णु गुरुदेवो महेश्वर गरु: साक्षात् परम् ब्रफमा तस्मै श्री गुरवे नम: । अर्थात् गुरु ब्रफमा हुन्, गुरु विष्णु हुन्, गुरु शिव हुन् । गुरु ब्रफमाका पनि ब्रफमा परम ब्रफमा हुन् । त्यस्ता गुरुमा मेरो सादर नमन । यस श्लोकले गुरुलाई ब्रफमा, विष्णु र शिवभन्दा पनि माथिल्लो स्थानमा राखेको पुष्टि गर्दछ ।

***–इहिमालय टाइम्स डटकम***

**महत्वपूर्ण टेलिफोन**

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

**दैनिक राशिफल**

| | |
|---|---|
| **मेष** : शुभअशुभ समाचार सुनिएला । मित्रसँग मीठो भेटघाट पनि रहला । | **तुला** : मनमा शान्ति छाउला । अरुलाई प्रभावित पारेर काम बन्नेछ । |
| **वृष** : इनाम र प्रतिष्ठा कमाउने वेला छ। व्यापार व्यवसायमा फाइदा होला । | **वृश्चिक** : प्रेमीको सहयोग पाइनेछ । नयाँ कामको थालनी पनि हुनेछ । |
| **मिथुन** : वाहन सुख मिल्नेछ । नयाँ नयाँ ज्ञान सिक्ने मौका मिल्नेछ । | **धनु** : बिन्धु बान्धवबाट सहयोग मिल्नेछ। साङ्गीतिक क्षेत्रमा रुचि बढ्नेछ । |
| **कर्कट** : बन्धुबान्धवबाट सहयोग मिल्नेछ। साहित्यिक क्षेत्रमा रुचि बढ्नेछ। | **मकर** : नयाँ वस्त्र या अलंकारको प्राप्ति हुनेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ। |
| **सिंह** : मित्रबाट विशेष सहयोग मिल्नसक्छ। सामाजिक कार्यमा पनि मन जाला । | **कुम्भ** : प्रिय व्यक्तिसँग भेटघाट होला। मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । |
| **कन्या** : अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **मीन** : आत्मिक सन्तुष्टि मिल्नेछ । विद्यामा सफलता पाइएला । |




निबन्ध ● तीर्थ सिग्देल

# अज्ञानको बाटो

जो मान्छेले आफूलाई अनभिज्ञ ठान्दैन, उसले केही सिक्दैन । केवल सिक्छ त आफ्नो तर्कको मुढेबलका आधारमा अगाडि बढ्न मात्र ।

मेरो अनुभवमा मान्छेले तीन प्रकारले मात्र आफ्नो विज्ञता प्रकट गर्न सक्छन् । पहिलो आफूले जाने बुझेको, पढेलेखेको र सिकेको कुरालाई कुनै तरिकाले अभिव्यक्त गरेर । दोस्रो त्यो अनुभव, सिप र ज्ञानलाई कुनै माध्यमबाट लेखेर वा प्रकाशन गरेर । तेस्रो त्यो ज्ञानलाई व्यवहारमा उतारेर अर्थात् कुनै काम पूरा गरेर देखाएर ।

माथिका कुनै प्रसङ्गमा पनि आएकै छन् कि मान्छे आफूलाई कहिल्यै नजान्ने ठान्दैन । जबसम्म मान्छेले आफूलाई अनभिज्ञ ठान्दैन, उसले केही सिक्दैन । केवल सिक्छ त आफ्नो तर्कको मुढे बलका आधारमा अगाडि बढ्न मात्र । यसै प्रसङ्गमा मैले धेरै मान्छेहरू समयमा उचित निर्णय लिन नसकेर पछि परेका वा क्षणिक रूपमा अगाडि बढे पनि अन्ततोगत्वा असफल भएको देखेको छु । अनि पुरानै अवस्थामा फर्किएर चित्त बुझाएको भेटेको छु । तर पनि मान्छेले सही समयमा सही विचार अगाडि सार्न सकेको छैन । कुनै समयमा मेरा एकजना मित्रलाई मैले एउटा गन्तव्यको मार्ग देखाएको थिएँ । म दार्शनिक भएर भनेको होइन । त्यो बेला उनले मेरो त्यो कुरा सुनेनन् । उनले अर्कै मार्ग पहिल्याए, अस्ति भर्खर उनी मलाई भेट्न आए र भने, वास्तवमा तपाईंले त्यो बेला भनेको ठिक रहेछ, मलाई अहिले पछुतो छ । यो एउटा सानो उदाहरण मात्र हो । यस्ता घटना र परिवेश हरेक मानिसका जीवनमा आइरहन्छ, जहाँ सही सल्लाह, सुझाव दिने, लिने क्रम भइरहन्छ । लिनु, नलिनु आ-आफ्नो कुरा हो ।

कोही मान्छे अनुभवले खारिएर विज्ञ भएका हुन्छन्, कोही समय, काल र परिस्थितिमा पिल्सिएर त कोही व्यवहारिक तरिकाले अगाडि बढेका हुन्छन् । अर्को उदाहरण लिऊ, कोही कृषि विषयमा पढेर आएको हुन्छ तर उसले आफैं खेती गरेको छैन । उसले दिने सल्लाह अलिक सैद्धान्तिक मात्र हुन्छ । मैले यहाँ उसले दिने ज्ञानको परिधिको मात्र कुरा गरेको हो । ज्ञानलाई सैद्धान्तिक परिधिमा मात्र राखियो भने उसले सोच्ने त्यत्ति नै मात्र हुन्छ । तर त्यस ज्ञानलाई लागु गर्न जब कोही मैदानमा उत्रिन्छ भने त्यतिबेला अनेक चुनौती सामना गर्न तयार हुनुपर्छ ।

मान्छे आजसम्म चुनौती सामना गरेरै मात्र अगाडि बढेको छ । सजिलै प्राप्त हुने त हावा मात्र हो । कुनै पनि बस्तुको सहज प्राप्ति दिगो हुन्न रे । सैर्षबाट प्राप्त प्रतिफल मिठो हुन्छ । ढुङ्गे युगदेखि आजसम्म आइपुग्दा मान्छे घस्रिरहेको छ, लडिरहेको छ अनि मरिरहेको छ । त्यो एउटा सीमित ज्ञानको भण्डारले मान्छेलाई यहाँसम्म ल्याइपुऱ्यायो । त्यो लालसा, जसले मान्छेको जातिलाई समयको पदचापसँगै हिँड्न र थप चुनौती मोल्न प्रेरित गऱ्यो । हावा, पानी र माटोका लागि, सुख, शान्ति र समृद्धिका लागि अनि माया, प्रेम र आलिङ्गनका लागि अगाडि बढ्न उत्प्रेरित गऱ्यो । आखिर मान्छे आफ्नो गन्तव्यमा आइपुग्यो । आज पनि मान्छे आज पनि हिँडिरहेको छ । उताको मान्छे यता आयो, यताको उता पुग्यो । त्यही लालसामा कि अबका



दिनहरू सुखमय हुनेछन् । त्यो चेतना हो समयको, जहाँ झिसमिसे नहुँदै कुखुराको भाले बास्छ । पोथी अण्डा कोरल्दै छे । मान्छे उठ्ने समय भयो । मान्छेको हातमा घडी छैन । अर्थात् उसको हातमा समय छैन, समय फुत्किँदै छ, फुस्स फुस्स । घण्टाघरको घडीले सही समय नदिएको धेरै भो । मेची नदीमा पानी बगिरहेको छ । आज पनि सुस्ता र महेशपुरको बिलौना उही छ । देशको चुच्चे नक्सा छापिएर पनि बजारमा गएको छैन । झोलुङ्गे पुलमा खच्चडहरू झुन्डिएका छन् । मेरो देश हाँसिरहेको छ, जात्रैजात्रामा । नाचिरहेको छन् मान्छेहरू बिनासित्तीमा सुन्धारातिर दोहोरीहरूमा । अझै पनि युवतीहरू भेटिन्छन्, रत्नपार्कतिर । जाने हो ? भनेर सोधिरहेका छन्, अनजान मान्छेहरूलाई । फेरि पनि मान्छे ज्ञानी छ । मान्छेले नजानेको के छ ? उबेलाको कुरा मात्र कति गर्नु ? मान्छे पुराना कुरा र थोत्रा चप्पल लगाएर हिँडेको धेरै भइसक्यो । किसान मरिरहेको छ । बाढी आउँदा तराईतिर माछा मार्नेको भिड लाग्छ । खेत बगिसक्यो, अब भकारी खाली हुन्छ तैपनि मान्छे गँगटा भेला पार्नतिर लागेको छ । पुल बगिसक्यो, गाउँ आएको बाटो बिलाइसक्यो । अथाह ज्ञानको भण्डार बोकेर मान्छे सडकमा निस्केको छ । परम्परागत ज्ञानको भारीले थिचिएको छ, मान्छे । ऊ अहिले पनि माछा मारेर खान जान्दछ तर माछा मार्न सिकाइरहेको छैन । भोलि त आउँदैन रे तर पनि मान्छे भोलिका लागि शक्ति सञ्चय गरिरहेको छ । धर्ती अरूका लागि पनि हो, तर आफ्ना लागि मात्र सोचेर अरूको अधिकार हरण गर्न तल्लीन छ, मान्छे । एकजना मित्रले मलाई प्रश्न गर्नुभयो, आजकल तपाईं कता हराउनुभयो ?

त्यो बेला मैले उनलाई यसो भनेको थिएँ । म कतै हराएको छैन । हराएको छु त, केवल आफ्नै परिवेशमा । आफ्नै माटोमा र यही संसारमा, जहाँ मजस्ता धेरै मान्छेहरूका सपना हराएका छन्, आमाका सपना बिलाएका छन्, बाबुका आँखा रसाएका छन्, सन्तानका सुख खोसिएका छन् । म यहीं कतै छु, मित्र । फेरि सोध्नुहोला, तपाईं के गर्दै हुनुहुन्छ ?

म के गर्दै छु...

म अर्थात् तपाईं के गर्दै हुनुहुन्छ ?

आफ्ना लागि वा समाज र देशका लागि वा कसका लागि गर्दै हुनुहुन्छ ?

किन, कसरी र के का लागि ?

वा केवल आफ्ना लागि ?

तपाईं के गर्दै हुनुहुन्छ ?

अर्थात् म के गर्दै छु...

जिन्दगीप्रति यसरी प्रश्नहरू तेर्सिन्छन् । प्रश्नहरूको मृत्यु भएपछि सायद कोही जीवित नरहला । पहिले यसरी आफैंमाथि प्रश्न गर । अनि मात्र तिमी अरूका लागि प्रश्न गर्न सक्षम र योग्य बन्नेछौं किनभने जीवन एउटा प्रश्नहरूको भण्डार हो । प्रश्नहरूले मान्छेलाई बाँच्न प्रेरित गर्छ । प्रश्नले मान्छेलाई अगाडि बढ्न उत्प्रेरित गर्छ । प्रश्न गर्ने मान्छेले आफू जीवित भएको प्रमाण पेस गर्नुपर्दैन किनकि प्रश्नभित्रै जीवन लुकेको हुन्छ । बरु उत्तर दिने मान्छेले त्यो प्रमाणपत्र पेस गर्नुपर्नेछ । जब मान्छेले प्रश्न गर्ने साहस गर्छ, त्यतिबेला ऊ उत्तर दिन पनि सक्षम हुन्छ तर उत्तर मात्र दिने ठाउँमा पुगेको मान्छेले प्रश्न बुझ्दैन । उसलाई त्यतिबेला मान्छेका हरेक प्रश्नहरू बाङ्गा लाग्छन् । घुमाउरा लाग्छन् अनि उत्तर दिन झन्झट मान्छन् ।

आजको हाम्रो सामाजिक अन्तर्विरोध यही हो, जहाँ माथि पुगेको मान्छे तल फर्किन मान्दैन । एकपटक मन्त्री भएको मान्छे बस चढ्दैन । सांसदको हरेक यात्रा सडकबाट हुँदैन । सगरमाथा चढ्नुअघि अनिवार्य केचना पुग्ने नियम यहाँ छैन । अग्लो होचोको विपरीतार्थ शब्द हो तर अग्लोले यसरी कहिल्यै सोच्दैन रहेछ । बरु ऊ आफू अग्लो भएकोमा घमन्ड गरेर बसेको हुन्छ । इतिहासले प्रमाणित गरेको विषय हो कि कुनै समय आज सगरमाथा भएको ठाउँमा समुद्र थियो । बङ्गालको खाडी गहिरो छ । यस्तै हो भने त्यहाँ कुनै कालमा हिमाल ठडिन सक्छ । यस्ता प्रश्नहरू आज कुमारी अवस्थामा छन् । कुनै दिन आम प्रश्नहरू युवा हुनेछन्, त्यसपछि छाडिएका प्रश्नका बाँडहरू शासकमा छातीमा गाडिनेछन् । त्यतिबेला सगरमाथा सुक्नेछ, हिउँ पग्लेर । सागरहरू सुक्नेछन्, पानी सकिएर । नजान्नु जान्नुभन्दा राम्रो हो । विज्ञ हुनु भनेको एउटा विषयमा जान्ने हुनु मात्र हो । तर विज्ञताले अनभिज्ञ पनि बनाउँछ । विज्ञता सब थोक होइन किनभने त्यो विज्ञताले फरक तरिकाले सोच्न रोक्छ । खाली मैदानमा जे पनि उमार्न सकिन्छ तर कुनै बाली लागेको छ भने एउटा समयसम्म पर्खिनुपर्छ । त्यो बालीले माटोको उर्वराशक्ति ह्रास पनि बनाएको हुनसक्छ ।

***ज्ञान मर्दछ, हाँसेर***
***रोइ विज्ञान मर्दछ***

बालकृष्ण समले उबेला नै यसरी भनेका थिए । ज्ञानले विज्ञानलाई जन्माउँछ तर त्यही विज्ञानले ज्ञानलाई मार्छ रे । जसरी कुनै पशुले आफ्नै बच्चा खान्छ । आजको आधुनिक तथा भौतिक विज्ञानले नयाँ नयाँ आविष्कार गरेर चुनौती पनि थपेको छ । समाज अगाडि बढ्ने नाममा पछाडितिर धकेलिँदै छ । यसरी हेर्दा ज्ञानले विज्ञान र विज्ञानले ज्ञानको अस्तित्वमाथि धावा बोलिरहेको छ । के अब एलन मस्कले मान्छेको दिमागमा चिप्स लगाउन सक्लान् ? चिन र अमेरिका एलीयनबारेको खोजमा सफल बन्लान् ? अरू सानातिना खोज र आविष्कारको कुरा नगरौं । अब त्यो भन्दा माथि सोचौं किनभने अज्ञानताले ज्ञानको मार्ग पहिल्याउँछ ।


***-साहित्य पोष्ट डटकम***

---

कथा समीक्षा ● पुष्कर अथक रेग्मी

# पाल्पाकी नीता र भोजपुरको दामुको प्रेम कथा






> **'नेपाली लघुकाव्यको श्रीवृद्धिका लागि नवीनतम् योगदान गरौं' भन्ने मूल नाराका साथ लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन-३ भगवती टोल श्रीनगर क्षेत्रबाट वि.सं. २०७८ असार ७ गते सोमबारका दिनदेखि 'शीत'को परिकल्पना प्रस्तावना गरिएको हो । 'चतुष्पदीय मुक्तकीय प्रभेदभित्रको लघुतम अष्टाक्षरी काव्य नै शीत हो' भनी शीतलाई परिभाषित गरिएको छ । शीत काव्यको बारेमा सम्पूर्ण कुराको जानकारीका लागि 'शीत: रचना विधान र चतुष्पदीय लघुकाव्य संग्रह शीत कल्प 'अर्घ्य'(२०८१) प्रकाशित भईसकेको छ ।**

प्रथम शीत ईश्वर कृष्णबहादुर के.सी.द्वारा लिखित शीत कल्प कृति 'शीतका थोपा'(२०७८), अविस्रान्त कर्मशील साहित्यकार एवं शीत ईश्वर देवेन्द्रराज शाक्यको शीत लघुतम काव्य संग्रह 'शीत'(२०७८) र शीत लघुतम खण्डकाव्य 'धर्मी'(२०८१), शीत ईश्वर इन्दिरा ज्ञवाली पौडेलको शीत कल्प कृति 'शीत इन्दु'(२०७९), शीत ईश्वर शारदा ज्ञवाली ढकालको शीत कल्प कृति 'आँसु' (२०७९), शीत ईश्वर देशभक्त सिंह कुँवरद्वारा लिखित शीत कल्प कृति 'आहा'(२०८०), मानार्थ शीत ईश्वर लव जोशीद्वारा नेपाली र अंग्रेजीमा लिखित कृति 'शीत काव्य' (२०८०), शीत साधक धर्मी शाक्यको शीत कृति 'बुँद'(२०७८), शीत साधक शोभा आचार्य गौतमकरुो कृति 'काव्य शोभा'(२०७९), परिकल्पनाकार पुष्कर अथक रेग्मीद्वारा लिखित शीत बाल कथा संग्रह 'अर्ती'(२०७९) र शीत: रचना विभान र चतुष्पदीय लघुकाव्य संग्रह शीत कल्प 'अर्घ्य'(२०८१) शीत साहित्यका प्रकाशित कृतिहरू हुन् । यस पटक शीत काव्य समाज नेपालका महासचिव साहित्यकार/पत्रकार दामोदर ढकाल 'दीपक' द्वारा लिखित शीत कल्प कृति शीतो उपन्यास 'शीत यात्रा'(२०८१) प्रकाशित गरेसंगै सातौं शीत ईश्वरको पदवीद्वारा विभूषित गर्न पाउँदा शीत काव्य समाज नेपाल गौरवान्वित भएको छ । 'नेपाली लघुकाव्यको श्रीवृद्धिका लागि नवीनतम् योगदान गरौं' भन्ने मूल नाराका साथ लुम्बिनी प्रदेश पाल्पा जिल्ला तानसेन -३ भगवती टोल श्रीनगर क्षेत्रबाट वि.सं. २०७८ असार ७ गते सोमबारका दिनदेखि 'शीत'को परिकल्पना प्रस्तावना गरिएको हो । 'चतुष्पदीय मुक्तकीय प्रभेदभित्रको लघुतम अष्टाक्षरी काव्य नै शीत हो' भनी शीतलाई परिभाषित गरिएको छ । शीत काव्यको बारेमा सम्पूर्ण कुराको जानकारीका लागि 'शीत: रचना विधान र चतुष्पदीय लघुकाव्य संग्रह शीत कल्प 'अर्घ्य'(२०८१) प्रकाशित भईसकेको छ । यद्यपी संक्षेपमा भन्नुपर्दा २ अक्षर ४ पंक्ति जम्मा ८ अक्षर बराबर १ श्लोक शीत हुन्छ । शीत सूत्र, मन्त्र र अर्थपूर्ण हुनुपर्दछ । शीत संरचना अनुसार शीतलाईशीत, शीतद्वय, शीतत्रय, शीतचक्र, शीतपत्र, शीत पुष्प, शीत कुन्ज, शीत द्वीप, शीत ब्राह्मण्ड र शीत कल्पसम्म संगठन गरी शीत स्रष्टाहरूलाई शीत यात्री, शीत सर्जक, शीत साधक र शीत ईश्वरसम्मको पदवी दिइएको छ । शीत लेख्न सजिलो छ । कविताको शुभारम्भ शीत बाटनै हुन्छ । कविता लेख्न जान्दै नजान्नेले पनि शीत लेख्दालेख्दै अन्य कविताहरू समेत लेखी संप्रेषण र प्रकाशन गर्दै आएको पाइन्छ । तीन दर्जनकै हाराहारीमा शीतका नियम, सूत्र, सिद्धान्त, उदाहरणहरू रहेका छन् । शीत आफैमा लघुतम काव्य भएतापनि शीतको माध्यमद्वारा उपन्यास समेत लेख्न सकिन्छ भन्ने उदाहरण शीत ईश्वर दामोदर ढकाल 'दीपक'ले दिएका छन् । शीतोपन्यास अर्थात काव्य + आख्यान = काव्याख्यानको सिर्जना गरेका छन् । यसरी नेपाली शव्दकोषमा इतिहासमा शीतोपन्यास र काव्याख्यान गरी नवीनतम् दुईवटा शब्दको समेत उत्पत्ति भएको छ । यस अघि अथकले शीत बालकथा संग्रह अर्तीमा काव्य र कथाको समिश्रण गरी काव्याख्यान प्रकाशित गरिसकेका थिए । दामोदर ढकाल 'दीपक' प्रथम शीतोपन्यासकारको रूपमा नेपाली साहित्यको जनसंख्यामा पदार्पण गरेका छन् । शीतोपन्यास बिशेषत नायक दामु र नायिका नीता केन्द्रीत कथामा सरसर्ति बहेको छ । भोजपुरका शीत साधक दामु शैल हिमशिखर चढन भनी जादाँ बाटोमा पाल्पाली चेली शीत साधक नीतासंग भेट हुन्छ । परिचयको क्रममा घरमा आफ्नो बिहे गरिदिन लागेको थाहा पाएकोले आफूपनि शीत साधक रहेको र साहसिक काम गरी शैल चढेर कीर्ति राखेपछि मात्रै बिहे गर्ने भनी अठोटका साथ हिडेको भन्ने थाहा पाएपछि उनीहरू संगै शैल चढ्न जाने र चुचुरोमा शीतको झण्डा फहराउने समान उद्देश्यका साथ अघि बढछन् । त्यसपछि के हुन्छ ? सबै औपन्यासिक कथा थाहा पाउनका लागि शीतोपन्यासकै रस्वादन गर्नुका साथै पाल्पाकी नीता र भोजपुरको दामुको प्रेमकथा अध्यक्ष गर्न अनुरोध गर्दछु ।

विशेषत: सूत्र, मन्त्र, शव्दार्थ, अन्तर्वस्तु, कथ्य, परिवेश, उद्देश्य, सहभागी, दृष्टिविन्दु, लय, भाषाशैली, बिम्ब, प्रतीक जस्ता तत्वहरू मिलि शीत काव्य बनेको हुन्छ भने उपन्यास रचना गर्दा मुख्यत: कथानक/कथाबस्तु, पात्र/चरित्र, परिवेश, कथोपकथन, दृष्टिविन्दु, उद्देश्य, भाषाशैली, बिम्ब र प्रतीकहरूको नै प्रयोग गरिएको हुन्छ । यसरी हेर्दा काव्य र उपन्यासका तत्वहरूको एक आपसमा सुसंयोजन देखिएकोलेनै उपन्यासकार दामोदर ढकाल 'दीपक' ले 'शीतयात्रा' नामक शीतोपन्यास/शीताख्यान/काव्याख्यान प्रकाशन गरी नेपाली साहित्यको इतिहासमै प्रथम शीत उपन्यासकारको रूपमा प्रतिष्ठापित भएका छन् । नवीन शैलीको प्रस्तुत शीत उपन्यास पश्चात् शीत साहित्य एवं नेपाली साहित्यको इतिहासमा अझ नवीनतम प्रयोग र परिकल्पनाहरू भइनै रहनेछन् । प्रस्तुत कृति स्रष्टा द्रष्टा र अनुसन्धाता सबैका लागि उपयोगीसिद्ध भएमा हाम्रो प्रयोग र परिकल्पनाले सार्थकता पाउनेछ भन्ने विश्वास लिइएको छ ।

'उपन्यास गधमा लेखिएको महाकाव्य हो ।' हेनरी जेम्सको मननीय उदगारलाई समर्थन जनाउँदै म भन्छु, 'शीतोपन्यास काव्यमा लेखिएको गध हो ।' यसैगरी डा. सत्येन्द्रले महनीय रूपमा भनेका छन, 'उपन्यास नयाँ युगको नयाँ अभिव्यक्ति हो ।' यसर्थ मैले पनि भन्छु,'शीतोपन्यास काव्य उपविधाको नवीन स्वरूप हो ।' शीत काव्यलाई नवीन रूप दिई नेपाली कविता साहित्यको इतिहासमा अब्बल कृति प्रकाशित गर्ने शीत काव्य समाज नेपालका संस्थापक महासचिव, गौरी पव्लिक रिलेसन एन पब्लिकेसनका प्रोपाइटर, सुख शान्ति मिडियाका संचालक, विभिन्न टेलिफिल्म र भिडियो फिल्मका निर्माता निर्देशक कलाकार, चर्चित उपन्यासहरू रत्नपार्ककी रञ्जु, तँ, रक्षा र तीर्थाह बाल उपन्यास तुलसी र ज्यरुतिष ह बालगीत सानी सानी नानी र सुसेली संग्रह जन्मभूमिका लेखक ह भोजपुर जिल्ला याकु -७ निवासी माता राधादेवी ढकाल र पिता कृष्णप्रसाद ढकालका सुपुत्र कलाकार, पत्रकार, साहित्यकार, प्रथम शीत उपन्यासकार, शीत ईश्वर, आत्मीय मीत्र दामोदर ढकाल 'दीपक'लाई हार्दिक बधाई तथा सम्पूर्ण शुभकामना 'सुदीर्घजीवनको प्रार्थना सहित बाँकी जीवन नवीनतम् कृति सिर्जना र प्रकाशनमय बनिरहोस्'

***(लेखक पाल्पा साहित्य समाजका अध्यक्ष र समीक्षक समेत हुन्)***

# आज एसईईको नतिजा सार्वजनिक हुँदै




**भक्तपुर,** असार १२/परीक्षा नियन्त्रण कार्यालय सानोठिमीले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई)को नतिजा आज सार्वजनिक गर्न लागेको छ । परीक्षा नियन्त्रण कार्यालय सानोठिमीमा एसईईको नतिजा सार्वजनिक गर्न बुधबार बसेको राष्ट्रिय परीक्षा बोर्डको बैठकले विहीबार नतिजा सार्वजनिक गर्ने निर्णय गरेको थियो । सोही निर्णय अनुसार आज नतिजा सार्वजनिक हुन लागेको हो ।

परीक्षा नियन्त्रक नन्दलाल पौडेलले विहीबार नतिजा सार्वजनिक गर्ने निर्णय गरेको जानकारी दिए । परीक्षा नियन्त्रक पौडेलले भने, 'नतिजा बुधबार सार्वजनिक गर्ने तयारी रहेको र बैठक बसेर नमुना अभ्यास पनि गरियो, केही प्राविधिक काम बाँकी भएकाले विहीबार बिहान पुन: बैठक बसेर नतिजा सार्वजनिक गर्ने छौं ।' असार १५ गतेभित्र नतिजा सार्वजनिक गर्ने बोर्डको तालिका रहेको थियो ।

बोर्डले गत वर्ष असार २४ मा एसईईको नतिजा सार्वजनिक गरेको थियो । परीक्षा नियन्त्रक पौडेलले यस वर्ष लेटर ग्रेडिङ निर्देशिका, २०७८ अनुसार नतिजा सार्वजनिक बताए । यस वर्षको नतिजामा विद्यार्थीले सैद्धान्तिकतर्फ ७५ अंकको परीक्षामा ३५ प्रतिशतअर्थात् २६ दशमलव २५ अंक अनिवार्य ल्याउनै पर्ने अन्यथा फेल भएसरह मानिने गरी 'एनजी' उल्लेख गरिएको ग्रेड सिट आउने उनले जानकारी दिए । आन्तरिकतर्फ २५ पूर्णांकको परीक्षामा ४० प्रतिशत अर्थात् १० अंक ल्याउनुपर्छ । 'एनजी' आउने परीक्षार्थीले ग्रेड वृद्धि परीक्षा नदिई कक्षा ११ मा पढ्न पाउने छैनन् । विद्यार्थीले दुई विषयमा ग्रेड वृद्धि परीक्षा दिन पाउने छन् ।

दुईभन्दा बढी विषयमा न्यूनतम ३५ प्रतिशत अंक नपाएका र ग्रेड वृद्धि परीक्षा दिँदा पनि ३५ प्रतिशत अंक ल्याउन नसकेका परीक्षार्थीले अर्को वर्ष 'एनजी' लागेको विषयमा मात्र परीक्षा दिन पाउनेछन् । गत चैत १५ गतेदेखि २७ गतेसम्म सञ्चालित परीक्षामा नियमिततर्फ चार लाख ६७ हजार विद्यार्थीले परीक्षा दिएका छन् । ग्रेड वृद्धितर्फ २१ हजार विद्यार्थीले परीक्षा दिएका छन् ।

# भन्छन्–'रक्सीले...

...नगर प्रमुख श्रेष्ठले स्थानीय सरकारले समेत लागुऔषध दुरुपयोग ओसारपसारलाई रोकथाम र नियन्त्रणका लागि सुरक्षा निकायसँग समन्वय गरेर अगाडि बढ्ने उल्लेख गरे । प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेले खुला सीमाका कारण लागुऔषध ओसारपसार नियन्त्रण चुनौतीपूर्ण बन्दै गएकाले त्यसको नियन्त्रणमा सबैको साथ आवश्यक रहेको बताए ।

उनले लागुऔषध एक जना व्यक्तिको नभई सिङ्गो समाजको समस्या भएकाले समाज नै मिलेर यसको सामना गर्नु पर्नेमा जोड दिए । प्रजिअ काफ्लेले भने 'लागुऔषधको प्रयोग वृद्धि हुनु भनेको स्वत: अपराधिक क्रियाकलाप पनि वृद्धि हुनु हो, यसको नियन्त्रणका लागि सबै पक्षको सहयोग र समन्वय आवश्यक रहेको छ ।' लागु औषध नियन्त्रणका लागि गाउँ–गाउँमा सचेतनाको कार्यक्रम गरिदै आए पनि प्रहरीको मात्रै सक्रियताले लागुऔषध नियन्त्रण सम्भव नभएको भन्दै घरपरिवार, विद्यालय, समाज सबैले यसको निगरानी राख्नुपर्नेमा उनले जोड दिए ।

प्रभात फेरी कार्यक्रममा सुरक्षाकर्मी, जनप्रतिनिधि, कर्मचारी, विद्यार्थी, शिक्षक, टोलविकास संस्थाका प्रतिनिधिहरुले सचेतनामूलक सन्देश लेखिएका प्लेकार्ड लिएर तानसेन नगर परिक्रमामा गरेका थिए । जिल्ला प्रशासन कार्यालयबाट निस्किएको र्‍याली तेस्रो सडक, पेट्रोलपम्प, टक्सारटोल, शितलपाटी, नारायणस्थान हुँदै टुँडिखेल पुगेर समापन भएको थियो । लागुऔषध दुरुपयोग तथा ओसारपसार विरुद्धको अन्तर्राष्ट्रिय दिवस पाल्पामा पनि विविध कार्यक्रम गरी मनाइएको छ । 'लागु औषध दुरुपयोग विरुद्ध लडौं : रोकथाममा जोड दिऔं' भन्ने नाराका साथ जिल्ला सुरक्षा समिति र जिल्ला प्रहरी कार्यालय पाल्पाको संयुक्त आयोजनामा बुधबार र्‍याली तथा प्रभातभेरी कार्यक्रम गरी मनाइएको हो । समितिले विभिन्न जनचेतनामुलक कार्यक्रमको आयोजना गरी साताव्यापी कार्यक्रम गरेको छ । प्रभातभेरी कार्यक्रम समापनको जिल्ला प्रहरी कार्यालयका मोहन खड्काको सञ्चालनमा कार्यक्रम भएको थियो ।

मनको आवाज..............
'नाम पनि यूनिक, काम पनि यूनिक'
यूनिक एफ.एम. ९४.२ मेगाहर्ज
विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्युनिकेशन
प्रा.लि.
तानसेन, पाल्पा
०७५–५२१८६४, ५२१८६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com

## खेलकुद समाचार

### टी–२० विश्वकप : आज दक्षिण अफ्रिका र अफगानिस्तान खेल्दै





**काठमाडौं,** असार १२/आईसीसी टी–२० विश्वकप क्रिकेटको पहिलो सेमिफाइनलमा आज बिहान दक्षिण अफ्रिका र अफगानिस्तान खेल्दैछन् । यो खेल बिहान सवा ६ बजे त्रिनिदादको ब्रायन लारा स्टेडियममा शुरु हुनेछ । दक्षिण अफ्रिका सुपर–आठको समूह 'दुई' बाट शीर्ष स्थानमा रहँदै अन्तिम चारमा पुगेको हो ।

दक्षिण अफ्रिकाले सुपर–आठको पहिलो खेलमा अमेरिकालाई १८ रन, दोस्रो खेलमा इङ्ल्यान्डलाई ७ रन र तेस्रो खेलमा वेस्ट इन्डिजलाई 'डीएलएस' अर्थात् डकवर्थ लुइस नियमका आधारमा ३ विकेटले हराएको थियो । यस्तै अफगानिस्तान सुपर–आठको समूह 'एक' बाट दोस्रो स्थानमा अन्तिम चारमा पुगेको हो । अफगानिस्तान सुपर–आठको पहिलो खेलमा भारतसँग ४७ रनले पराजित भएको थियो भने दोस्रो खेलमा अस्ट्रेलियालाई २१ रन र तेस्रो खेलमा बङ्गलादेशलाई डीएलएस नियमका आधारमा ८ रनले हराएको थियो । अफगानिस्तान पहिलो पटक टी–२० विश्वकप क्रिकेटको सेमिफाइनलमा पुगेको हो ।यस्तै टी–२० विश्वकप क्रिकेटको दोस्रो सेमिफाइनलमा भोलि राति सवा ८ बजे दोस्रो सेमिफाइनलमा भारत र इङ्ल्यान्ड खेल्दैछन् ।

वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।
सम्पर्क: ०७५–५२०६०१

## अर्थ/कर्पोरेट समाचार

# नेप्से दोहोरो अंकले घट्यो

**पाल्पा,** असार १२/नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचकमा दोहोरो अंकले गिरावट आएको छ । बुधबार नेप्से परिसूचक ११ दशमलव ६० अंकले घटेको हो ।

नेप्से घटेसँगै दुई हजार ६० दशमलव १६ को विन्दुमा कायम भएको छ । सो अवधिमा तीन सय पाँच कम्पनीको ८७ लाख २७ हजार एक सय ६४ कित्ता शेयर ५४ हजार सात सय ९३ पटक खरिदबिक्री हुँदा चार अर्ब पाँच करोड ८० लाख ४७ हजार सात सय ३४ बराबरको कारोबार भएको छ । वित्त, म्युचुअल फन्ड र व्यापारबाहेक अरू सबै समूहको उपसूचक घटेका छन् । वित्त समूह शून्य दशमलव ४५, म्युचुअल फन्ड शून्य दशमलव १४ र व्यापार समूह शून्य दशमलव २२ प्रतिशतले बढेको हो । सबैभन्दा धेरै विकास बैंक समूह एक दशमलव ०३ प्रतिशतले घटेको छ । बैङ्किङ शून्य दशमलव ६५, होटल तथा पर्यटन शून्य दशमलव २९, जलविद्युत् शून्य दशमलव ५८, लगानी शून्य दशमलव ९१ र जीवन बीमा शून्य दशमलव ६१ प्रतिशतले घटेको छ ।

त्यस्तै, उत्पादन तथा प्रशोधन शून्य दशमलव १६, लघुवित्त शून्य दशमलव ४८, निर्जीवन बीमा शून्य दशमलव ३४ र अन्य समूह शून्य दशमलव ५८ प्रतिशतले घटेको छ । कारोबारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको शेयर मूल्य नौ दशमलव ५५ र शिवश्री हाइड्रोपावर लिमिटेडको शेयर मूल्य सात दशमलव २६ प्रतिशतले बढेको छ । सबैभन्दा धेरै घट्नेमा भने साधना लघुवित्त वित्तीय संस्था लिमिटेडको शेयर मूल्य छ दशमलव ३८ र हिमालय ऊर्जा विकास कम्पनी लिमिटेडको शेयर मूल्य पाँच दशमलव २५ प्रतिशतले घटेको छ । कारोबार रकमका आधारमा सबैभन्दा धेरै नेपाल फाइनान्स लिमिटेडको १६ करोड ४६ लाख १८ हजार आठ सय ३० बराबरको कारोबार भएको छ ।

# रोपाइँमा रमाउँदै...

... धान रोपाइँमा सहभागी भएका विद्यार्थीहरु रमाएका छन्, खुसी भएका छन्, धान रोप्ने तरीका सिकेका छन्, विद्यार्थीले नयाँ ज्ञान पाएका छन्, विद्यार्थीलाई कक्षा कोठामा मात्र होइन व्यवहारिक शिक्षा दिनुपर्छ भनेर खेतमा धान रोप्ने कार्यमा सहभागी गराएको विद्यालयका इसिए संयोजक दीपक बस्यालले बताए ।

पछिल्लो समय बालबालिका मोबाईल र ईन्टरनेटमा मात्रै बढी केन्द्रीत हुने, व्यवारिक ज्ञान, सिप, कृषि खेती प्रणालीको बारेमा जानकारी कम भएकाले बालबालिकाहरुलाई व्यवहारिक अभ्याससँगै कामको अनुभव सिकाउन धान रोपाईमा सहभागी गराएको विद्यालयका शिक्षक तुल्सीराम पोखरेलले बताए । धान रोपाईं सहभागी भएका विद्यार्थी बालबालिकाहरुले आफूहरुले धान रोप्न सिकेको बताएका छन् । शिक्षा भनेकै सिक्ने र नयाँ ज्ञान पाउने स्थान हो । अहिले व्यवहारिक ज्ञान भन्दा पनि बालबालिकाहरुलाई सैद्धान्तिक किताबी ज्ञान मात्र सिकाउने प्रचलन अत्याधिक रहेको छ । जसको कारण व्यवहारिक ज्ञान नहुँदा नेपाली विद्यार्थीहरु नत नेपालमा बसेर कृषि पशु क्षेत्रमा रमाएर काम गर्न सकेका छन् नत विदेशमा गएर राम्रो क्षेत्रमा काम गर्ने अवसर पाएका छन् । विद्यालयस्तरबाटै सरकारले नेपालमै सिक्ने, टिक्ने, बिक्ने खालका सैद्धान्तिकसँगै व्यहारिक शिक्षालाई अनिवार्य गर्दै जानु पर्ने देखिन्छ ।

## बालबालिकाप्रति अभिभावकको भूमिका

- बालबालिकालाई निडर, सिपालु, सक्षम, योग्य र आत्मनिर्भर हुन प्रोत्साहन गरौं,
- बालबालिकाका लागि सुरक्षित एवं तनावरहित वातावरण सिर्जना गरौं,
- उनीहरुलाई गाली गर्ने, डर देखाउने, अरुसँग तुलना गर्ने र कमजोर बनाउने कार्य नगरौं,
- बालबालिकाको आत्मविश्वास र सिर्जनशील क्षमता बढाऔं,
- उनीहरुलाई खोज्ने र सिक्ने अवसर प्रदान गरौं,
- बालबालिकालाई अभिभावकसँग सुरक्षित रहेको अनुभुति गराऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।

जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com डिजिटल पत्रिका

कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई